# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

**केन्द्रीय कार्यालय बबरमहल, काठमाडौं, नेपाल**

**आन्तरिक प्रतियोगितात्मक परीक्षाको**

## दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशन भएको मिति २०८२/१२/८**

यस वित्तीय संस्थाको आ.व.२०८२/८३ का लागि स्वीकृत स्थायी कर्मचारी दरबन्दीमा रिक्त रहेका देहायमा उल्लिखित पदहरुमा आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले यस वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली, २०८० को विनियम ६२ बमोजिम २०८२ असार मसान्तसम्म बढुवाका लागि सम्भाव्य भएका उम्मेदवारहरुले तोकिए बमोजिमको फारम भरी नागरीकता प्रमाणपत्रको प्रतिलिपि र पछिल्लो शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि तथा तोकिएको दस्तुर सहित यो सूचना प्रकाशन भएको मिति **२०८२/१२/८** देखि मिति **२०८२/१२/२२** सम्म अर्थात १५ दिन भित्र र सो पछि दोब्बर दस्तुर जम्मा गरी मिति **२०८२/१२/२९** सम्ममा https://recruit.skbbl.com.np मार्फत विद्युतीय माध्यमबाट कार्यालय समय भित्रमा दरखास्त पेश गर्न आव्हान गरीएको छ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिनको कार्यालय समयभित्रमा दरखास्त पेश गर्न सकिनेछ। म्यादभित्र पेश नभएको र रित नपुगी आएको दरखास्त उपर कुनै कारवाही हुनेछैन। दरखास्त फाराम तथा पाठ्यक्रम यस वित्तीय संस्थाको वेबसाइट www.skbbl.com.np बाट Download गर्न सकिनेछ। विद्युतीय दरखास्त फारममा उपलब्ध Esewa/Khalti मार्फत दरखास्त दस्तुर भुक्तानी गर्नुपर्ने छ। अन्य व्यवस्थाहरु यस वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली, २०८० तथा पदपूर्ति कार्यविधि, २०८० बमोजिम हुनेछन्।

**(क) आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पदपूर्ति गरिने सम्बन्धी विवरण :**

| क्र.सं | विज्ञापन नम्वर | पद | श्रेणी | तह | माग पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ८/२०८२/८३ | वरिष्ठ अधिकृत | अधिकृत | ७ | २ | रु.१०००।- |
| २ | ९/२०८२/८३ | अधिकृत | अधिकृत | ६ | २ | रु.१०००।- |
| ३ | १०/२०८२/८३ | वरिष्ठ सहायक | सहायक | ५ | २ | रु.६००।- |

**अन्य व्यवस्थाहरु :**

१. अनलाइनबाट फाराम भर्ने प्रक्रिया : आवेदन फाराम अनलाइनबाट मात्र भर्न सकिनेछ। उम्मेदवारले अनलाइन मार्फत दरखास्त फाराम भर्दा https://recruit.skbbl.com.np मा आफ्नो विवरण भरी Registration गर्नुपर्नेछ। Registration पश्चात User ID/Password को प्रयोग गरी Login गरेर वित्तीय संस्थाले तोके अनुसार Online दरखास्त फाराम भर्नु पर्नेछ। फाराममा तोकिएका सम्पूर्ण विवरणहरु भरी सो साथ उम्मेदवारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो, दस्तखतको नमूना, नेपाली नागरिकताको प्रमाणपत्र, दरखास्त दिने पदको लागि तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्र,

चारित्रिक प्रमाणपत्र अनिवार्य रुपमा scan गरी upload गर्नुपर्नेछ । दरखास्त फाराम Submit गरी परीक्षा दस्तुर भुक्तानी भए पश्चात भरिएको फाराम स्वीकृत/अस्वीकृत भएको जानकारी उम्मेदवारको मोवाइल/ईमेलमा प्राप्त हुनेछ । सो अनुरुपको SMS/Email प्राप्त भए/नभएको सम्बन्धमा सम्बन्धित उम्मेदवारले यकिन गर्नुपर्नेछ । उम्मेदवारहरुलाई परीक्षाको प्रवेशपत्र अनलाइन मार्फत नै प्राप्त हुने हुँदा आफ्नो User ID/Pasword सुरक्षित राख्नुपर्नेछ ।

२. परीक्षा दस्तुर बुझाउने प्रक्रिया : उम्मेदवारले Online मार्फत दरखास्त फाराम Submit गरे पश्चात My Application भित्र Payment pending मा Click गरी आफूले आवेदन गरेको सम्बन्धित विज्ञापनको Pay Option मा गई परीक्षा दस्तुर वापतको रकम Esewa/Khalti मार्फत तोकिए बमोजिमको परीक्षा दस्तुर बुझाउनु पर्नेछ । रित नपुगेको कारण अस्वीकृत हुने आवेदनहरुको परीक्षा शुल्क फिर्ता हुने छैन ।

३. अनलाइन मार्फत प्राप्त आवेदनहरुको स्वीकृत/अस्वीकृत गर्ने अधिकार वित्तीय संस्थालाई हुनेछ ।

**पदपूर्ति समिति**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं ।

फोन : ०१-४१११८९५/५३२०९१३/५९०९६१२

Website: www.skbbl.com.np